निषेधको राजनीति टिक्दैन : पोखरेल

बुटवल, २ भदौ (दैपस)- नेकपा एमालेका स्थायी कमिटि सदस्य एवं पूर्व लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेलले पार्टीमा निषेधको राजनीति धेरै दिन नटिक्ने बताएका छन् । उनले निषेधको राजनीतिकै कारण माओवादी र एमाले बीचमा भएको सहमति टुटेको बताए।

नेपाल कम्युनिष्ट पार्टी एमाले बुटवल उपमहानगरपालिकाको आयोजनामा विधान मस्यौदा संशोधन सुझाव तथा अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको पार्टी सत्ता कब्जा गर्ने षड्यन्त्र असफल भएपछि पार्टी एकताको दस्तावेजविरुद्धमा अध्यक्ष केपी ओलीमाथि प्रहार गरेको बताए। प्रतिनिधि सभा विघटन नेकपाभित्रको अन्तर संघर्षको कारण नै भएको भन्दै पार्टीमा असफल बनाउने, पार्टी कब्जा गर्ने षड्यन्त्रलाई विफल बनाउनको लागि योजनाबद्ध रुपमा प्रचण्ड लागेको उनले बताए। उनले पार्टीभित्रको एकतालाई जोगाउनको लागि आफूले महत्पूर्ण भूमिका खेलेको भए पनि प्रचण्डकै अस्थिर चरित्रका कारण हालको अवस्था आएको उनको भनाई थियो।

उनले पछिल्लो समयमा कार्यादल बनाएर सहमती पालन गर्नुपर्ने कुरामा प्रचण्डबाट धोका भएको बताए । माधव नेपालप्रति कटाक्ष गर्दै नेता पोखरेलले १४ वर्षसम्म पार्टीको कार्यकारी प्रमुख भएका व्यक्तिले पार्टीलाई अहिलेको अवस्थामा ल्याएको बताए । उनले अहिले केपी ओली हुनु र नहुनुको अवस्थाको विषयमा अहिलेको गतिविधिले प्रष्ट भएको बताए। उनले पार्टीको एकता कायम गर्न, संविधान जारी गर्न र संविधान सभाको निर्वाचन सफल बनाउने भूमिकामा केपी ओली नै नायक रहेको उनको तर्क थियो। केपी ओलीलाई विस्थापन गर्न खोज्नु नै दुर्भाग्य भएको भन्दै उनले माधव कुमार नेपाललाई आगामी दिनमा भारी पर्ने बताए।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी एमाले केन्द्रीय सदस्य एकराज विश्वकर्मा, संविधान सभा सदस्य नेत्र प्रसाद पन्थी, जिल्ला अध्यक्ष शिवराज सुवेदी, नेतृ सावित्रा अर्याल, बाबुराम पन्थीलगायतले आ आफ्नो भनाई राखेका थिए।

दिवसमा तालिम तथा रक्तदान

बुटवल, २ भदौ (दैपस)- १ सय ८२ औं विश्व फोटोग्राफी दिवसको अवसरमा लुम्बिनी फोटोग्राफर संघ तथा एलायन्स फर कम्युनिटी मिडिया नेपालको सहकार्यमा विविध कार्यक्रम गरिएको छ । सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान तथा सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने उद्येश्यका साथ फोटो पत्रकारिता तालिम गरी दिवस मनाए।

एक कार्यक्रमका बीच तिलोत्तमा नगरपालिकाका नगरप्रमुख बासुदेव घिमिरे ले बुधबार दुई दिने फोटो पत्रकारिता तालिमको उद्घाटन गर्दै युवाहरु सीप र क्षमता अभिवृद्धि गरेर स्वरो जगार हुने फोटोग्राफी पेशा भएको बताए । छरिएर रहेका पेशामा आवद्धहरुलाई एकताबद्ध गराउने काम गरेर फोटो पत्रकारिता दिएर क्षमता विकासको काम आफैमा महत्वपूर्ण भएको उनले बताए । ब्यवसायिक फोटो पत्रकारिता अगाडि बढाउन पनि तालिमले सहयोग मिल्ने भन्दै सिकेका कुरा ब्यवहारमा उतार्न सुझाव दिए।

कार्यक्रममा संघका अध्यक्ष मनिष पन्थ विश्वभर नै दिवस फोटो पत्रकारहरुको चाडका रुपमा रहेको भन्दै क्षमता विकास र सामाजिक कार्य गरी मनाइएको बताए । नेपालभरका सामुदायिक टेलिभिजनहरुको गैर नाफामुखी संस्था सहकार्य गरी अघि बढ्न चाहना अनुसार लागेको एलायन्स फर कम्युनिटी मिडिया नेपालका रुपन्देही संयोजक तथा पत्रकार दिनेश पाण्डेले बताए।

तालिमलाई नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका महासचिव विक्रम खड्का, एलायन्स फर कम्युनिटी मिडिया नेपालका रुपन्देही संयोजक तथा पत्रकार दिनेश पाण्डे, भगवती पाण्डे र स्वस्तिक श्रेष्ठले आधारभूत पत्रकारिता र टेलिभिजन पत्रकारिताबारे सहजीकरण गरेका थिए । कार्यक्रमका संयोजक मनोज क्षेत्रीले फोटोग्राफी पेशा मिडियासँग नङमासुको सम्बन्ध भएको पेशा भएको भन्दै भविष्यमा दक्ष जनशक्ति उत्पादन गरेर मिडियामा उपलब्ध हुने उनले बताए।

कार्यक्रममा संघका केन्द्रीय सदस्य माधव पन्थ, संघका कानुनी सल्लाहकार कमला तिवारी पन्थ, सल्लाहकार दिपक भण्डारी, प्रेस सल्लाहकार दलबहादुर गुरुङ, संघका वरिष्ठ उपाध्यक्ष दिनेश अर्याल, महासचिव माधव प्रसाद पन्थले व्यवसायिक दक्षता अभिवृद्धि गर्ने गरी गरिएका कार्यक्रममा सबैको एकता जरुरी रहेको बताए । विसं. २०६३ सालमा स्थापना भएको संघले सदस्यहरुको दक्षता अभिवृद्धि तथा सामाजिक उत्तरदायित्व अन्तर्गत विविध कार्यक्रम गर्दै आएको छ । तालिममा संघमा आबद्ध रुपन्देहीभरिका ५० जना सहभागी रहेका छन् । बिहीबार तालिम समापन हुने छ।

किराना व्यवसायी संघद्वारा सचेतनामूलक कार्यक्रम

बुटवल, २ भदौ (दैपस)- खुद्रा किराना व्यावसायी संघ रुपन्देही र देउराली उपभोक्ता सहकारी संस्था लि बुटवलको संयुक्त आयोजनामा बुटवलमा बुधवार मास्क वितरण तथा सचेतना कार्यक्रम सम्पन्न भएको छ।

कोरोना महामारीको बेला संघको कार्यालय कालिकानगरदेखि दुवै संस्थाका पदाधिकारीहरुले राजमार्ग चौराहासम्म मास्क वितरण गर्दै आएका थिए।

सडकमा विना मास्क हिंडेका व्यक्तिहरुलाई मास्कको महत्व दर्शाउँदै मास्क वितरण गरिएको संघका अध्यक्ष ज्ञानप्रसाद न्यौपानेले बताए।

उनीहरुले राजमार्ग चौराहमा रहेको अस्थायी प्रहरी विटका प्रहरीलाई पनि मास्क प्रदान गरेका थिए । खुद्रा किराना व्यवसायी संघमार्फत संचालित देउराली उपभोक्ता सहकारी हो। संघका महासचिव गोपाल कुमार प्रधानले १ हजार मास्क वितरण गरेको बताए। उनले सबैले मास्क लगाउँदा कोरानो नियन्त्रण लागि सहज हुने भएको यस्तो काम गरेको बताए । पछिल्ला दिनहरुमा कोराना संक्रमण वृद्धि हुँदै गए पनि मानिसहरुले मास्क लगाउनका लागि लापरवाही गरेको देखिन्छ।

दैनिक पत्र | जनसंघर्ष | स्वाधीन

दैनिक पत्र राष्ट्रिय दैनिक, जनसंघर्ष राष्ट्रिय साप्ताहिक र स्वाधीन राष्ट्रिय मासिकको २०७८ साउन १ देखि लागु भएको विज्ञापन दररेट

सरकारी दररेट

विवरण	साईज	कलर दररेट	स्यामश्वेत दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	१,८००/-	१,७००/-
भित्री पृष्ठ	प्रति सि.सि.	१,६००/-	१,५००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	१,७००/-	१,६००/-

व्यवसायिक विज्ञापन दररेट

विवरण	साईज	कलर दररेट	स्यामश्वेत दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	१,५००/-	१,२००/-
भित्री पृष्ठ	प्रति सि.सि.	१,०००/-	५००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	१,२००/-	१,१००/-

डिस्प्ले

डिस्प्ले	कलर	श्यामस्वेत
प्रति बक्स	२,०००/-	१,५००/-
राहदानी	-	१,०००/-

अन्य

डिस्प्ले	कलर	श्यामस्वेत
एयर प्यानल	४,०००/-	३,०००/-
प्वाइन्टर	१,५००/-	१,०००/-

मञ्जु पौडेल
व्यवस्थापक
मो. ९८४७०२७६३३

डा. बालकृष्ण चापागाई
कार्यकारी प्रमुख तथा प्रधान सम्पादक
मो. ९८५१०१७६२१

प्रकाशन प्रतिष्ठान:
बुटवल मिडिया प्रकाशन प्रा.लि.
Butwal Media Prakashan (P) Ltd.
बुटवल-६, बुद्धपथ, फोन नं. ०७१-५५४३४५, ५५४३४६, ५३३१८५
E-mail: dainikadd@gmail.com, janaadd50@gmail.com

१२ सय सवारी साधन कारबाहीमा, १० लाख राजश्व संकलन

रुकुम पूर्व, २ भदौ (दैपस)- रुकुम पूर्वमा एक वर्षको अवधिमा १ हजार २ सय ८५ वटा सवारी साधन कारबाहीमा परेका छन् । वितेको आर्थिक वर्ष २०७७/७८ मा जिल्लाभरी १ हजार २ सय ८५ वटा सवारी साधनहरु कारबाहीमा परेका हुन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रुकुम पूर्वको तथ्यांकअनुसार गएको आर्थिक वर्षको साउन देखी असार मसान्तसम्म सबैभन्दा बढी मोटरसाइलहरु कार्वाहीमा परेका छन्। जम्मा ६ सय २ वटा मोटरसाइकललाई जरिवाना गरिएको कार्यालयका प्रमुख प्रहरी सहायक निरीक्षक दमनविक्रम सेनले जानकारी दिए । उनका अनुसार जीप, कार, भ्यान २ सय ८८, वटा, ट्याक्टर १ सय ८३ वटा, ट्रक ८४ वटा , बस ७२ र ५६ वटा अटोलाई कार्वाही गरिएको हो।

लाइसेन्स ब्ल्युबुक नबोक्ने, क्षमता भन्दा बढी यात्रु राख्ने, तिव्र गतिमा सवारी साधन चलाउने, हेल्मेट नलगाई मोटरसाइकल चलाउने लगायतका ट्राफिक नियम उलङ्घन गर्नेहरुलाई कारबाही गरिएको कार्यालय प्रमुख सेनको भनाई छ। गत आर्थिक वर्षमा जम्मा १ हजार २ सय ८५ वटा सवारी कार्वाहीमा ९ लाख ८० हजार रुपैयाँ राजश्व संकलन समेत गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

गत वर्ष कारबाहीमा परेका मोटरसाइकलबाट ४ लाख ५५ हजार, जिप, कार र भ्यानबाट २ लाख २९ हजार पाँच सय, ट्याक्टरबाट १ लाख ३३ हजार, राजश्व संकलन भएको छ। यस्तै ट्रकबाट ६१ हजार पाँच सय, बसबाट ५९ हजार ९ सय, अटोबाट ४२ हजार रुपैंया जरिवाना राजश्व उठाइएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रुकुम पूर्वले जनाएको छ।

समस्या अनेक ? उपचार केन्द्र एक!
नेपाल सरकारद्वारा मान्यता प्राप्त बुटवलको एक मात्र आयुर्वेद क्लिनिक

यौन:- सबै किसिमका शारीरिक मानसिक यौन दुर्बलता, धातुरोग, गुप्तरोग, यौन शिथिलता,यौनाङ्गको विकास, स्वप्नदोश, निःसन्तानपन, महिनावारीमा गडबडी, सेतोपानी आउने, योनी चिलाउने आदि (पुर्ण गोप्यताकासाथ)।
सुन्दरता:- अनुहारमा भएका दाग, चाया, चाउरीपन, दुबी, सेतोदुबी, छाला सम्बन्धि समस्या, मोटोपन, दुब्लोपन, शारीरिक बनौट तथा उचाई।

पाइल्स, फिस्टुला र फिसरको क्षारसूत्र विधिद्वारा विना अपरेशन सफल उपचार

दीर्घरोग:- सुगर, बाथ, दम, पिनास, ग्याष्ट्रिक, अल्सर, कपाल झर्ने आदी।
मानसिक:- निरासा, उदासिनता, डर, भय, दिमागको बोधोपन, अनिद्रा।
कुलत:- जांड, रक्सी, लागुपदार्थको सेवन,आदी कुलतको परामर्श र उपचार।
बिना अपरेशन:- पाईल्स, पथ्थरी, हाईड्रोसिल, हर्नियाको सहज उपचार।

सम्पर्क: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डक्टर्स क्लिनिक
राजमार्ग चौराहा, बुटवल
ॐमिष्ठान भण्डारको माथिल्लो तला, (चौक देखी २०० मिटर उत्तर)
फोन: ०७१-५४८८९३, मोबाईल: ९८४७३५२१२७

Invitation for Bids
मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची
सिलबन्दी बोलपत्र आह्वान
प्रथम पटक प्रकाशित मिति २०७८/०५/०३

मालारानी गाउँपालिका, गाउँ कार्यपालिका, खनदह अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमको **तल उल्लेखित मोटरबाटो स्तरउन्नती** कार्यको लागि सिलवन्दी बोलपत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायिक कर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र E-Bidding मार्फत आह्वान गरिन्छ।

१. बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको **मेघा बैंक खनदह शाखामा रहेको आन्तरिक राजश्व हि.नं.००४००१०११९७४३** जम्मा गरेको भौचर सहित आ.व.२०७८/०७९ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यावसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व.२०७७/०७८ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थप पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी www.bolpatra.gov.np/egp बाट मिति २०७८/०६/०४ गते दिउँसो १२:०० बजेसम्म E-Bid मार्फत दर्ता गराउनु पर्ने छ।
२. बोलपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग भरी दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्रहरु मिति २०७८/०६/०४ गते दिनको १२:३० बजे कार्यालयका प्रतिनिधि एवं बोलपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजका प्रतिनधिहरु उपस्थित नभएमापनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।
३. बोलपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको खनदह स्थित **मेघा बैंक ००४००१००८२२४३** खातामा नगद जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा जारी भएको बैक जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि १२० दिनसम्मको म्याद भएको) संलग्न गर्नुपर्ने छ।
४. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ।
५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ। साथै बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहेन छ।
६. बोलपत्र सम्बन्धी अन्य जानकारी लिनु परेमा कार्यालय समयभित्र ९८५७०२३६२९/९८५७०६१४७२ मा सम्पर्क गर्न वा malaraniruralmun@gmail.com/hariji629@gmail.com मा पठाउन सकिनेछ।
७. बोलपत्र खरिद दस्तुर, लागत रकम र विडवण्ड रकमको विवरण निम्न अनुसार छ।

तपसिल

ठेक्का नं.	योजनाको नाम	बोलपत्र/ दस्तुर रु.	ल.ई.रकम (मु.अ.कर बाहेक बाहेक)	विडबण्ड रकम रु.
NCB/MRM/R/08/ 2078/079	प्यारीपोखरी मुलकाचौर दोबाटा प्यूठान मोटरबाटो स्तरउन्नति कार्य मालारानी वडा नं ८ बागि	३०००.००	४४,२५,५२८.७७	१,२५,०००.००

प्रमुख प्रशासकीय अधिकृत

कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

कृष्णनगर तथा बहादुरगंज बजार सरसफाई गर्ने कार्यसम्बन्धी
शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०५/०३

कृष्णनगर नगरपालिका, नगर कार्यपालिकाको छैठौ नगर सभाको निर्णय बमोजिम कृष्णनगर बजार सरसफाई गर्ने कार्य न्यूनतम ठेक्का अंकमा नबढने गरी आ.व.०७८/०७९को लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदां ईच्छुक दर्तावाला फर्म/संघ संस्थाहरूले लिन चाहेको ठेक्काको दरभाउ पत्र फारम दस्तुर फिर्ता नहुने गरी तपसीलमा उल्लेखित भएको म्याद भित्र ठेक्काको दरभाउ पत्र खरिद गरी आफूले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबोल गरेको ठेक्का अंकको १० प्रतिशतका दरले हुने आउने रकम नगदै यस नगरपालिकाको नेपाल बैंक लिमिटेड कृष्णनगर शाखा स्थानीय तह धरौटी खाता न. ०१४०३००००३००००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा दरभाउपत्र दाताको सहीछाप गरी सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरू:
१. दरभाउ पत्र फारम र शर्तहरूको सुची यस कार्यालयको राजश्व शाखा बाट तोकिएको दस्तुर(पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ।
२. यस नगर क्षेत्र भित्र स्थायी ठेगाना भएका दरभाउ पत्र दाताहरूले अनिवार्य रूपमा नगरपालिकामा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।
३. दरभाउ पत्र दोस्रो पटक सूचना प्रकासित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र र उक्तदिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट दरभाउ पत्र खरिद गर्न सकिने छ।
४. दरभाउ पत्र ८ औं दिनको १२:०० बजे भित्र तथा उक्त दिनविदा परेमा सोको भोलिपल्ट दिनको १२:०० बजे भित्र यस न.पा. कार्यालयमा दरभाउ पत्र दर्ता गर्न सकिने छ। दर्ता भएकै दिनको २:०० बजे दरभाउ पत्र दरभाउदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिने छ।
५. दरभाउ पत्र दाता वा निजहरूको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।
६. कार्यालयबाट बिक्री नभएको, दरभाउ पत्र दाताको दस्तखत नभएको र शर्तराखि पेश भएको दरभाउ पत्र मान्य हुने छैन।
७. रीत नपुगी वा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन।
८. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
९. व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउदा मूल्य अभिवृदी करमा दर्ता गरेको प्रमाण पेश गर्नुपर्ने छ।
१०. यसमा नपरेका अन्य कुराहरू प्रचलित ऐन,नियम अनुसार हुनेछ।
११. यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ।
१२. सरसफाई गर्नु पर्ने क्षेत्रहरू: कृष्णनगर बजार क्षेत्र र बहादुरगंज बजार क्षेत्र।

तपसिल

क्र.स.	ठे.न.	विवरण	कार्यालयको न्यूनतम अंक	दरभाउपत्र फारम दस्तुर
१.	KNM/NCB/ Sarsaphai–01/ 78/79	कृष्णनगर तथा बहादुरगंज बजार सरसफाई गर्ने कार्य अधिकतम मासिक	२५०,०००.००	१०००.००

प्रमुख प्रशासकीय अधिकृत